## प्रश्न नं. ६५

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ७८०८ देखि ७९२९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

दिलबहादुर लिम्बुको जाहेरीले नेपाल सरकार

बिरुद्ध

झापा जिल्ला पृथ्वीनगर गाउँपालिका वडा नं. ४ बस्ने रञ्जित कुमार राई

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) मिति २०७५।८।६ गते हटिया बजार गएकोमा घर फर्की नआएकोले सोही दिन निज छोरालाई खोजतलास गर्दा राती ११.०० बजेको समयमा छोरालाई खुकुरी प्रहार गरी घाइते अवस्थामा लडाई रहेको अवस्थामा महेशपुर सिमसारे काठको पुल छेउमा भेटिएकोले तत्कालै उपचारको लागि मेची अञ्चल अस्पताल, भद्रपुरमा ल्याउँदाल्याउँदै बाटैमा मृत्यु भएको हुँदा मेरो साहिँलो छोरालाई को-कसले खुकुरी प्रहार गरी काटी मारेको हो भनी गाउँ घरमा खोजतलास गर्दै जाँदा रञ्जित राईले खुकुरी प्रहार गरी मारी फरार भएको भनी बुझ्िन आएको हुँदा निज ज्यानसम्बन्धी कसुर अनुसार कारवाही गरिपाऊँ भन्ने दिलबहादुर लिम्बूको जाहेरी दरखास्त ।

२) सिमसारे होलीको काठे पुलभन्दा २५ फिट उत्तर पश्चिमपट्टि कच्ची सडकको बायाँतर्फको भागमा रहेको डीलमा आलो रगत जमेको देखिएको र बाटोभन्दा मुनि ५ फिट मडारिएको र रगत यत्रतत्रसमेत लागेको र महेशपुर-१ बस्ने वर्ष १९ को शैलेस लिम्बूलाई खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

२) मेची अञ्चल अस्पताल, भद्रपुरको कम्पाउण्डभित्र रहेको यात्रु प्रतिक्षालय भवनमा पूर्व टाउको, पश्चिम गोडा गरी स्टेचरमाथि उत्तानो अवस्थामा सेतो कपडाले छोपी राखेको मृत लासको छोपेको कपडाहरू हटाई हेर्दा दुवै गोडा तथा हात समानान्तर भई तन्किएको अवस्थामा रहेको । मृतकको गर्धनमा १ फिट लम्बाई, ६ इञ्च गहिराई भएको ठूलो चोट तथा बायाँ हातको कुममा ६ इञ्च लम्बाई, ४ इञ्च गहिराई चोट भएको देखिएको, मृतकले लगाएको कपडाहरूमा रगत लागेको देखिएको, मृतकको मलद्वारबाट दिसा निस्किएको देखिएको भन्नेसमेत व्यहोराको वर्ष १९ को मृतक शैलेस लिम्बूको लास जाँच प्रकृति मुचुल्का ।

३)म मिति २०७५।०८।१३ गतेका दिन वेलुका ४: ०० बजेतिर ज्ञानेचोकमा बजार लाग्ने भएकोले ज्ञानेचोकमा म गएको थिएँ । सो समयमा महेशपुरमा बस्ने शैलेश लिम्बू मातेर बजारमा जो सुकैलाई गालीगलौज गरी रहेको थियो केही समयपश्चात् शैलेस लिम्बू नसाको सुरमा कराउँदै नसाको सुरमा मलाई देखी शैलेस लिम्बूले अश्लील शब्दहरू प्रयोग गरी गाली गरीरहेकोले मसँग रहेको खुकुरी प्रहार गरे । खुकुरी प्रहार गर्दा शैलेस लिम्बू नढलेपछि पुनः अर्को पटक गर्धनमा प्रहार गर्दा शैलेस लिम्बू ढलेपछि म त्यहाबाट भाँगे भन्ने व्यहोराको प्रतिवादी रञ्जितकुमार राईले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

४) The cause of death is spinal cord dislocation भन्ने मेची अञ्चल अस्पताल, भद्रपुरबाट भएको मृतक शैलेस लिम्बूको शव परीक्षण

**प्रश्न नं. ६५**

५) मिसिल संलग्न कागजात प्रमाणबाट प्रतिवादी रञ्जित राईले जाहेरवालाको छोरा शैलेस लिम्बूलाई जोखिमी हतियार खुकुरीले हानी काटी मारेको पुष्टि भएका को दफा १७७ विपरीत कसुर गरेकोले सोही सहिताको दफा १७७(२) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत अभियोगपत्र ।
६) प्रतिवादी रञ्जित राईको अदालतमा गरेको इन्कारी बयान
७) बुझिएका मानिस , जाहेरवाला तथा प्रतिवादीका साक्षीको बकपत्र।
८) झापा जिल्ला अदालतबाट भएको फैसला ।
९) प्रतिवादीको उच्च अदालत इलाममा पुनरावेदन